# बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय

## ठाकुरद्वारा, बर्दिया




# जानकारी पुस्तिका

२०७७

# बर्दिया राष्ट्रिय निकुञ्जको संक्षिप्त परिचय

*स्थापना: २०३२ साल (सन् १९७६)*
*राजपत्र अनुसार घोषणा : २०३२।११।२५ गते*
*ब. रा. नि. क्षेत्रफल: ९६८ वर्ग कि.मि.*

*म. क्षे. घोषणा: २०५३ साल*
*मंसिर १७ गते (सन् १९९६)*
*म. क्षे. क्षेत्रफल: ५०७ वर्ग कि.मि.*

२०३२ सालमा शाही कर्णाली शिकार आरक्षको रुपमा स्थापना भएको यो निकुञ्ज २०४१ सालमा शाही बर्दिया वन्यजन्तु आरक्षको रूपमा र २०४५ मंसीर २० गते बबई पूर्वको क्षेत्रलाई समेटेर बर्दिया राष्ट्रिय निकुञ्जको रूपमा घोषणा भयो। बर्दिया जिल्लाको कर्णाली र बबई नदीका केही भाग समेत समेटेको यो निकुञ्ज तराईका राष्ट्रिय निकुञ्जहरू मध्ये सबै भन्दा ठूलो हो। यस निकुञ्जको मध्यवर्ती क्षेत्र वि.सं. २०५३ मा घोषणा भएको थियो। शुरुमा ३२७ वर्ग किलोमिटर क्षेत्रफल समेटेर घोषणा भएको मध्यवर्ती क्षेत्र वि.सं. २०६७ सालमा बर्दिया राष्ट्रिय निकुञ्जको उत्तर तर्फको १८० वर्ग किलोमिटर थप गरी जम्मा ५०७ वर्ग किलोमिटर मध्यवर्ती क्षेत्र कायम गरिएको छ। निकुञ्ज क्षेत्रको उत्तरतर्फ चुरे क्षेत्रमा सल्लाका जंगलहरू छन्। तराईको धेरैजसो भाग सालको जंगलले ढाकेको छ। साल जगंलको बीच बीचमा घाँसे मैदान रहेका छन्। यस निकुञ्जमा पाटे बाघ, एक सिङ्गे गैंडा, चितुवा, घोडगधा, जरायो, चित्तल, लगुना, बाह्रसिङ्गा र जगंली हात्ती लगायत ६१ प्रजातिका स्तनधारी वन्यजन्तु पाइन्छन्। जलचरहरूमा घडियाल गोही, मगर गोही, सोंस र विभिन्न प्रजातिका माछा पाइन्छन्। यस निकुञ्जमा हालसम्म रैथाने र बसाई सरी आउने ५१३ प्रजाति पंक्षीहरूको अभिलेख गरिएको छ। पर्या-पर्यटनको प्रचूर सम्भावना रहेकाले यहाँ वर्षेनी पर्यटकको संख्या बढिरहेको छ।

## निकुञ्जको चारकिल्ला

**पूर्व:**

हर्रेडाँडा देखि पुर्व चिसापानीसम्मको सुर्खेत नेपालगञ्ज राजमार्गको खण्ड।

**पश्चिम:**

मनाउघाट देखि उत्तर गेरुवा नदीको पश्चिमी किनारा हुँदै चिसापानी नजिक कर्णाली नदीको भंगालो फाटेको ठाँउ सम्म, त्यहाँ बाट कर्णाली नदीको पश्चिमी किनारा हुँदै उत्तर तर्फको सिमाना चुरेले कर्णाली भेटेको ठाँऊ सम्म।

**उत्तरः**

चिसापानीबाट मुख्य पहाडको पानी ढलो समाति सुकरमाला, नरसिंह काँडा, भऱ्याङ्ग, लेखपराजुल हुँदै हर्रे सम्मको मुख्य पहाडको दक्षिणी पानी ढलो ।

**दक्षिणः**

(क) बाँके चिसापानीबाट सुरु भै राँझा, बेतेनी, अमोहिया, ढकेला, थानफेनासम्मको निकुञ्ज वनपथ ।

(ख) थानफेनाको आवादीको छेउबाट महेन्द्र राजमार्गको उत्तरी किनारा र सो राजमार्गको छेउ हुँदै बबई नदी सम्म ।

(ग) त्यहाँबाट सोझै पश्चिम गै बबई नदीको पश्चिमी किनारामा भएको बर्गदहा, सैनावार आवादी छेउको तारवार ।

(घ) बर्गदहा सैनावारको तारवार हुंदै डुमरेनी, सिंहबाहिनी, रानीपुर, कर्मला, बलाँती, अम्रेनी, मोतिपुर, बनखेत, मोहनपुर, हुँदैगोब्रेला, चिट्कैया र बेतहनीसम्मको आवादीको छेउ छेउ हुँदै ठाकुरद्वारासम्मको राष्ट्रिय निकुञ्ज पथ र तारवार ।

(ङ) ठाकुरद्वाराको तारबारबाट खौराहा खोलाको पुर्वी किनारा हुँदै शिवपुर नजिक रहेको बर्दिया हात्तीसारसम्म ।

(च) हात्तीसारबाट सोझै पश्चिम पट्टि मनाउघाटसम्म गएको गेरुवा नदी र खौराहा खोलाको भंगालो ।

निम्न बमोजिम चारकिल्ला भएको तारबारले घेरिएको शिवपुर फाँटालाई पनि बर्दिया राष्ट्रिय निकुञ्जमा समाबेश गरिएको छ :

**पुर्वः** ओराई नदी ।

**पश्चिमः** मलियानाला ।

**उत्तरः** साविकको निकुञ्जको तारबार ।

**दक्षिणः** मोहनपुरको कुलो ।

## भौगोलिक विषेशता

समुद्र सतह देखि अधिकतम उचाई : १५६१ मीटर (बाँसपानी चुचुरो/पहाड)

समुद्र सतह देखि न्युनतम उचाई : १५२ मीटर (मनाउघाट)

| | |
|---|---|
| निकुञ्जको पुर्व पश्चिम लम्बाई | : सरदर ७० कि.मी. |
| निकुञ्जको उत्तर दक्षिण चौडाई | : सरदर १० कि.मी. |
| मुख्य नदीहरु | : कर्णाली, गेरुवा, बबई, ओराही |
| निकुञ्ज भित्रको वनपथ | : २५६ कि.मी. |
| निकुञ्ज भित्र पुर्व पश्चिम राजमार्ग | : २० कि.मी. |

## सुविधा प्राप्त बाटोको विवरण

१. बबई देखि सैनावारसम्मको राजमार्ग ।

२. अम्रेनी देखि कर्णाली पुलसम्मको राजमार्ग ।

३. अम्रेनी दानवताल हुँदै तेलपानीसम्म ।

४. राँझागाँउबाट आउने बाटोको किनारा च्यामा खोलादेखि निकुञ्जको वनपथ हुँदै चिसापानी करेली खोलासम्म ।

## वन र वन्यजन्तु संरक्षण किन ?

वन र वन्यजन्तु हाम्रो साझा सम्पत्ति हुन । यी सम्पत्तिको संरक्षण गर्नु सबै नागरीकको साझा दायित्व र कर्तब्य हो । वन जंगलको विनाशले समस्त प्राणी र वनस्पति जगतलाई हानि पुऱ्याउनुका साथै हाम्रो जीवनोपयोगी पारिस्थितिकिय प्रणालीलाई नै खल्बलिन पुग्छ । निकुञ्ज क्षेत्रले दुर्लभ वन्यजन्तु एवं वनस्पति र तिनको बासस्थानको संरक्षण गरी प्राकृतिक सुन्दरता जोगाउने मात्र नभई जैविक विविधता, जलाधार क्षेत्र र भू-दृश्यहरुको समेत संरक्षण गर्दछ । हाम्रा भावि सन्ततीलाई हामीले जस्तै हात्ती, गैंडा, बाघ लगायतका दुर्लभ जिवजन्तु आफ्नै आँखाले देख्न पाउने अवसर हामीले प्रदान गर्नु पर्दछ । धेरै वन्यजन्तुहरु संसारबाट लोप भैसके कतिपय लोप हुने अवस्थामा पुगेका छन । निकुञ्जमा पाईने दुर्लभ वन्यजन्तु अन्तर्राष्ट्रिय आकर्षणका केन्द्र हुन । यी वन्यजन्तु अवलोकन गर्न आउने पर्यटकहरुबाट हामीले बिदेशी मुद्रा आर्जन गरी देशलाई आर्थिक समुन्नत बनाउन सक्छौ ।

## निकुञ्ज स्थापनाको मूल्य मान्यता (Core Values)

- जैविक-विविधताको दिगो संरक्षण
- धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापन
- आमोद प्रमोद, साहसी पर्यटन, पर्यापयर्टनको प्रवर्द्धन

- अध्ययन तथा अनुसन्धान
- राजस्व आम्दानीमा योगदान
- रोजगारी सृजना
- स्थानीय समुदायको जीविकापोर्जनमा सुधार

## केही महत्वपुर्ण शव्दावलीहरु :

"**राष्ट्रिय निकुञ्ज**" भन्नाले प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण, व्यवस्थापन र उपयोगको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

"**मध्यवर्ती क्षेत्र**" (वफर जोन) भन्नाले स्थानीय जनताहरुलाई नियमित रुपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरी तोकिएको क्षेत्र सम्झनु पर्छ ।

"**वन्यजन्तु**" भन्नाले घरपालुवा बाहेक जुनसुकै जातीको स्तनधारी जन्तु (म्यामल्स), पंक्षि (एभ्स), घस्रिने जन्तु(रेप्टायल्स), माछा, भ्यागुता जाती (एम्फिवियन्स) र कीराफट्यांग्रा (इन्सेक्ट)लाई सम्झनु पर्दछ र सो शव्दले फुल पार्ने जन्तुको फुल समेतलाई जनाउँछ ।

"**जैविक विविधता**" भन्नाले पृथ्वीको विभिन्न हावापानी, धरातल, जलाशय, वनजङ्गल, खेतबारी र माटोमा पाइने समग्र जीवित प्राणी, बन्स्पति, सुक्ष्म जीवाणु एवं तिनका जात, प्रकार, वंश, र तिनीहरूबीचको भिन्नतालाई जनाउछ ।

"**सिमसार**" क्षेत्र भन्नाले प्राकृतिक तथा कृतिम रुपले सृजना भई स्थायी वा अस्थायी रुपमा पानीले ढाकेको, पानी बग्ने वा झरनाका रुपमा खसेर बनेको दलदल, धाप, जरुवा क्षेत्र, स्वच्छ वा नुनिलो तथा क्षारयुक्त पानी रहेको ठाउँ वा समुद्री किनारमा भए ६ मिटरसम्म गहिरो भू-भागलाई जनाउँछ ।

"**चिडियाखाना**" भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन् वंशाणु श्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुहरु परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थान सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय प्रचलन अनुसार स्थापना गरिने प्राणी उद्यान (जुलोजिकल गार्डेन) समेतलाई जनाउँछ ।

"**हातहतियार**" भन्नाले जुनसुकै किसिमको बन्दुक, पेस्तोल वा यस्तै गोली चलाइने हतियारहरु, धनुषवाण, भाला, दर्जन, पासो, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने जुनसुकै हतियारलाई पनि सम्झनु पर्छ ।

**"शिकार"** भन्नाले कुनै वन्यजन्तु जुनसुकै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरीरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको फूल, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गरी दिने कामलाई जनाउँछ ।

**"आखेटोपहार"** भन्नाले वन्यजन्तुहरुको जीवित वा मृत शरीर वा चिन्हिन सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको कुनै अङ्गलाई सम्झनु पर्छ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको कुनै वस्तु समेतलाई जनाउँछ ।

**"जैविक मार्ग"** भन्नाले वन्यजन्तुहरु एक बासस्थानबाट अर्को बासस्थानमा आवत जावत गर्ने बाटो सम्झनु पर्छ ।

**"वन"** भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ ।

**"वन पैदावार"** भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार र चट्टान, माटो, नदीजन्य र खनिजजन्य पदार्थ सम्झनु पर्छ ।

**"वन क्षेत्र"** भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानुनमा अन्यथा व्यबस्था गरेको बाहेकको वन सिमाना लगाईएको वा नलगाईएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

**"मध्यवर्ती सामुदायिक वन"** भन्नाले मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२, को नियम २१ बमोजिम उपभोक्ता समुहलाई वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न सुम्पिएको मध्यवर्ती वन क्षेत्र ।

**"सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तराष्ट्रिय व्यपार सम्बन्धी महासन्धि (साईटिस) Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES)"** भन्नाले वैज्ञानिक, साँस्कृतिक, मनोरञ्जनात्मक र आर्थिक दृष्टिकोणबाट वन्यजन्तु तथा वनस्पतिहरूको बढ्दो महत्वलाई मध्यनजर गरि अन्तराष्ट्रिय माग पुरा गर्नका लागि हुनसक्ने अधिक सङ्कलन र व्यापारलाई नियन्त्रण तथा नियमन गर्न हाल विश्वका १८३ पक्ष राष्ट्रको अन्तराष्ट्रिय महासन्धि सम्झनुपर्छ ।

**साईटिस महासन्धिको अनुसूची I, II र III :** अनुसूची I मा दुर्लभ वन्यजन्तु तथा वनस्पति प्रजाति वा उपप्रजाति रहेका छन जुन लोप हुने स्थितिमा पुगेका छन् । अनुसूची II मा लोपोन्मुख स्थितिमा पुगिनसकेको वन्यजन्तु वा वनस्पतिको कुनै प्रजाति वा उपप्रजाति रहेका छन यदि तिनको व्यापारलाई समयमा नियमन र नियन्त्रण नगर्ने हो भने निकट भविष्यमा लोप हुन सक्ने अवस्थामा पुग्नेछन् । त्यस्तै कुनै देश वा पक्षराष्ट्रले आफ्नो राष्ट्रको कुनै प्रजातिको व्यापार नियमन एवं नियन्त्रण गर्नु पर्ने आवश्यकता महसुस गरे मा त्यस्ता प्रजातिलाई अनुसूची III मा समावेश गरेको हुन्छ ।

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ का केही महत्वपूर्ण प्रावधानहरु :

- तोकिए बमोजिमको प्रवेशपत्र वा अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्ति राष्ट्रिय निकुञ्ज भित्र प्रवेश गर्न पाउने छैन ।

- प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुञ्ज भित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्यु भए वापत क्षतिपूर्तिको निमित्त नेपाल सरकार जिम्मेवार हुनेछैन ।

- अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज भित्र देहायको काम गर्न पाउने छैन :-

  (क) वन्यजन्तुको शिकार गर्न, मार्न, पक्रन, लखट्न, तर्साउन वा चोटपटक पुऱ्याउन वा कुनै पनि पंक्षीहरुको फुल वा गुंड हटाउन, भत्काउन, बिगार्न वा खल्वल्याउन,

  (ख) जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरु आकार बनाउन वा भोग गर्न,

  (ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

  (घ) घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा पानी ख्वाउन,

  (ङ) रुख, विरुवा, झाडी वा अन्य कुनै वनपैदावर काट्न, ढाल्न, हटाउन, छेक्न वा वनपैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(च) खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कंकट, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(छ) वनपैदावार वा वन्यजन्तु, पंक्षी वा जग्गालाई क्षति पुऱ्याउन,

(ज) हातहतियार खर खजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

(झ) काजमा खटिएका सरकारी कर्मचारी वा राष्ट्रिष्य निकुञ्ज भित्रका प्रचलित बाटोको यात्रुहरु बाहेक अरुले घरपालुवा वा अन्य किसिमको जीवजन्तु वा आखेटोपहार लैजान,

(ञ) राष्ट्रिय निकुञ्जभित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानीकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न,

(ट) क्याम्प गर्न भनी छुट्याइएको स्थान बाहेक अन्यत्र रात बिताउन वा क्याम्प गर्न,

(ठ) क्याम्प गर्न छुट्याईएको स्थान वा संरक्षकले तोकिदिएको स्थान बाहेक अन्य स्थानमा आगो बाल्न,

(ड) सूर्यास्त देखि सूर्योदयसम्म पस्न, हिंडडुल गर्न वा सवारी साधन चलाउन,

(ढ) कुनै किसिमको चिन्हपट, सूचना, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु टांसी प्रचार प्रसार गर्नु गराउन,

(ण) बाटो, पुल, मचान, घर, कार्यालय भवन, तारबार, चिन्हपट वा अन्य कुनै चिजबस्तुलाई क्षति पुऱ्याउन,

(त) फोहर मैला गर्न वा फाल्न,

(थ) रेडियो, टेपरेकर्ड र संगीतका यस्तै अन्य बाजाहरु बजाउन ।

**साथै :**

- राष्ट्रिय निकुञ्जभित्र वा राष्ट्रिय निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको कीटनाशक विष वा रासायनिक पदार्थ वा लठ्याउने वा विषालु पदार्थ फ्याक्न वा राष्ट्रिय निकुञ्ज भित्र भएर बग्ने नदी खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा राष्ट्रिय निकुञ्जभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुंदैन ।

- राष्ट्रिय निकुञ्जभित्र वनपथमा सवारी साधन चलाउने व्यक्तिले देहायका कुराहरुको अधिनमा रहेर मात्र सवारी साधन चलाउनु पर्नेछः-

  (क) पाँच टन भन्दा बढी वजनको सवारी साधन चलाउन पाइने छैन ।

  (ख) बयलगाडा चलाउन पाइने छैन ।

  (ग) सवारी साधन, पैदल यात्रु वा अन्य बस्तुको आवागमनमा बाधा पर्ने गरी सवारी साधन चलाउन वा अड्याई राख्नु हुंदैन ।

  (घ) सुविधा प्राप्त बाटो बाहेक अन्य बाटो वा ठाउंबाट कुनै घरपालुवा जीवजन्तु लैजान वा हिंडाउनु हुंदैन ।

  (ङ) हर्न बजाउन वा ३० कि.मि. प्रतिघण्टा भन्दा बढी रफ्तारमा सवारी साधन चलाउनु हुंदैन ।

  (च) कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्ता बाटोबाट सवारी साधन चलाउन वा यात्रा गर्नु हुंदैन ।

- निकुञ्ज क्षेत्र भई जाने राजमार्गमा सवारी साधन चलाउने व्यक्तिले देहायका कुराहरुको अधिनमा रहेर मात्र सवारी साधन चलाउनु पर्नेछ ।

  (क) राजमार्गबाट जाने सवारी साधनमा रहेका सबै सामानहरु प्रवेश चौकीमा जचाई लैजानु पर्नेछ ।

  (ख) राजमार्गमा आवश्यकताअनुसार राखिएको तगारो र सवारी साधनको गति कम गराउन बनाइएको गति नियन्त्रकको पालना गर्नु पर्नेछ ।

  (ग) राष्ट्रिय निकुञ्जभित्र राखिएको तगारो भाच्न, बिगार्न वा कुनै क्षति पुऱ्याउन हुंदैन ।

  (घ) सवारी साधनले कुनै पनि वन्यजन्तुलाई लखेट्न, ठक्कर दिन, घाइते बनाउन, कुल्चिन वा मार्न हुंदैन ।

  (ङ) राजमार्गमा सवारी साधन चलाउंदा प्रतिघण्टा ४० कि.मि.को गतिभन्दा बढी चलाउनु हुंदैन ।

- राष्ट्रिय निकुञ्जको भित्र सबै सवारी साधनका चालकले राष्ट्रिय निकुञ्जको कर्मचारीले गरेको इशारा वा सङ्केतलाई पालना गर्नु पर्नेछ र त्यस्तो इशारा वा संङ्केत जनाउनको लागि राखिएको कुनै चिन्हपट बमोजिम सवारी साधन चलाउनु पर्नेछ ।

## मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ का केही महत्वपूर्ण प्रावधानहरु :

- संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले मध्यवर्ती क्षेत्रभित्र देहायका कामहरु गर्न पाउने छैन । त्यस्तो कुनै काम गरेमा कसूर गरेको मानिनेछ ।

  (क) आफ्नो हक नपुग्ने कुनै भू-भाग नियन्त्रण गर्न वा रुख काट्न, वन फाँड्न वा वन क्षेत्र आवाद गर्न,

  (ख) वन पैदावार नास हुने कुनै काम गर्न वा वनमा आगो लगाउन,

  (ग) वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्न सक्ने गरी ढुंगा, माटो, बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ माटो वा अन्य यस्तै पदार्थ हटाउन,

  (घ) मध्यवर्ती क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको स्रोतमा कुने हानिकारक विषादी वा विष्फोटक पदार्थहरु प्रयोग गर्न,

  (ङ) अनाधिकृत रुपमा शिकार खेल्न र वन्यजन्तुलाई क्षति पुऱ्याउन ।

## साथै :

- मध्यवर्ती क्षेत्रभित्र वा बाहिरबाट भईरहेका वा हुन लागेको कुनै काम कारवाहीबाट मध्यवर्ती क्षेत्रको भू-उपयोग, जनस्वास्थ्य, प्राकृतिक वातावरण तथा प्राकृतिक श्रोतको संरक्षणमा प्रतिकूल असर परेमा वा पर्ने संभावना भएमा संरक्षकले सम्बन्धित उपभोक्ता समितिको सिफारिसमा सम्बन्धित व्यक्ति वा संस्थालाई तत्काल यस्तो काम कारवाही रोक्न वा त्यसमा सुधार गर्न आदेश दिन सक्नेछ ।
- कसैले पनि मध्यवर्ती क्षेत्रभित्रको सार्वजनिक बाटो, पूल, तारबार, चिन्हपट, संकेत वा अन्य कुनै सार्वजनिक चिज वस्तुलाई कुनै प्रकारको क्षति पुऱ्याउनु हुंदैन ।

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा भएको दण्ड सजाय सम्बन्धी व्यवस्था :

- गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य

संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्रि गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

- राष्ट्रिय निकुञ्ज क्षेत्रलाई कुनै किसिमले अतिक्रमण वा कब्जा गर्ने वा बिक्री गर्ने वा सोको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुऱ्याउने व्यक्तिलाई दश वर्षसम्म कैद वा दशलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।
- माथि लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा एक वर्ष देखि दश वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।
- राष्ट्रिय निकुञ्ज वा मध्यवर्ती क्षेत्रभित्र अनुज्ञापत्र नलिई पंक्षी र माछा बाहेक अन्य वन्यजन्तु शिकार गरी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैँयादेखि पचास हजार रुपैँयासम्म जरिवाना वा छ महिना देखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।
- संरक्षित पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा पन्ध्र हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिना देखि नौ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।
- राष्ट्रिय निकुञ्ज वा मध्यवर्ती क्षेत्रभित्र अनुज्ञापत्र नलिई संरक्षित पंक्षी बाहेक अन्य पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।
- विना लिखित अनुमती जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरु आकार बनाउने वा भोग गर्ने कसूर गर्नेलाई बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । त्यस्तो कसूर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए सो बापत हुने सजाय समेत हुनेछ ।
- विना लिखित अनुमती वन पैदावार हटाउने वा नोक्सानी गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) एक हजार रुपैयाँसम्मको विगो भए विगो बमोजिमजरिबाना,

(ख) एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्मको विगो भए विगो बमोजिम जरिबाना वा छ महिनासम्म कैद वा दुवै,

(ग) दश हजार रुपैयाँ भन्दा बढीको विगो भए विगोको दोव्बर जरिबाना वा एक वर्षसम्म कैद वा दुवै ।

- कसैले यस ऐन अनुसार कसूर हुने कुनै अपराधको उद्योग गरेमा त्यस्तो उद्योग गर्नेलाई संरक्षित वन्यजन्तु सम्बन्धी अपराधको उद्योग भए कसूरदारलाई भए सरह र अन्य वन्यजन्तु सम्बन्धी अपराधको उद्योग भए कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

- कसैले यस ऐन अन्तर्गत इजाजत प्राप्त नगरी वन्यजन्तु पालन वा प्रजनन् गरे गराएमा वा चिडियाखाना सञ्चालन गरेमा छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

- माथि लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरित कसूर गर्ने व्यक्तिलाई बिगो कायम भएकोमा बिगोको दोब्बर जरिवाना र एक वर्षसम्म कैद र बिगो कायम नभएको कसूरमा कसूरको मात्रा हेरी बीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

- यो ऐन अन्तर्गत कसूर ठहरिने कुनै अपराध गर्ने व्यक्तिलाई जानी जानी मद्दत दिएमा त्यस्ता मद्दत गर्ने मतियारलाई कसूरदारलाई हुने सजायको आधी सजाय हुनेछ । तर गैंडा, बाघ, कस्तुरी मृग र हात्तीसित सम्बन्धित कसूर गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजाय सरह नै सजाय हुनेछ ।

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम पुरस्कार दिन सकिने व्यवस्था:

(१) गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरीगाई मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म र उपरोक्त वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म नगद पुरस्कार दिन सकिनेछ ।

(२) गैरकानूनी तरिकाले कुनै आखेटोपहार राख्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने वा त्यस्तो व्यक्तिलाई पक्रने व्यक्तिलाई सो आखेटोपहार बरामद भई लिलाम बिक्री गरिएकोमा लिलाम बिक्रीबाट आएको मूल्यको पचास प्रतिशत वा वन्यजन्तु संरक्षणको दृष्टिकोणले आखेटोपहार लिलाम बिक्री गर्न नहुने भएमा त्यस्तो आखेटोपहारको अवस्था, महत्व र परिमाण विचार गरी दश हजार रुपैयाँसम्म पुरस्कार दिन सकिनेछ ।

(३) माथि १ र २ बुँदामा लेखिएदेखि बाहेक यस ऐन अन्तर्गत कसूर गरेको सुराक लगाई अभियुक्त पक्राउ गराई दिने व्यक्तिलाई एक हजार रुपैयासम्म पुरस्कार दिन सकिनेछ ।

## बर्दिया राष्ट्रिय निकुञ्ज भित्र संचालन हुने पर्यटकीय गतिविधको दस्तुर र अन्य व्यवस्था :

| क्र. सं. | विवरण | दस्तुर (रु.) | | |
|---|---|---|---|---|
| | | नेपाली नागरिक | सार्क नागरिक | अन्य विदेशी नागरिक |
| (क) | राष्ट्रिय निकुञ्जको प्रवेश दस्तुर (प्रतिव्यक्ति प्रतिदिन) (१० वर्ष मुनिका बालबालिकालाई प्रवेश दस्तुर लाग्ने छैन) | १००।- | ७५०।- | १,५००।- |
| (ख) | माछा मार्न दस्तुर (वल्छिले मात्र प्रति व्यक्ति प्रतिदिनको लागि) (परम्परागत रुपमा माछा मारी जीविका चलाउने स्थानीय बोटे, दराइ, कुमाल, थारु जातीका मानिसहरुले वार्षिक शुल्क रु.१००।- तिरी माछा मार्न पाउनेछन) | २००।- | १,५००।- | २,५००।- |
| (ग) | क्याम्पिङ (बासबस्ने) दस्तुर (प्रतिव्यक्ति प्रत्येक रातको लागि) | ५००।- | १,५००।- | ३,०००।- |
| (घ) | निकुञ्जको नदी नालामा पर्यटक घुमाउन डुंगा वा ऱ्याफ्टीङ चलाए वापत लाग्ने दस्तुर | | | |
| | १) डुँगा (प्रतिव्यक्ति प्रति ट्रिप) | २००।- | १,५०।- | २,०००।- |
| | २) ऱ्याफ्टीङ्ग (प्रतिव्यक्ति प्रति ट्रिप) | २००।- | २,०००।- | ४,०००।- |

| क्र. सं. | विवरण | दस्तुर (रु.) | | |
|---|---|---|---|---|
| | | नेपाली नागरिक | सार्क नागरिक | अन्य विदेशी नागरिक |
| (ङ) | सिनेमा (डकुमेन्ट्री, फिल्म) छायाँकन दस्तुर | १०,०००।- | ५०,०००।- | अमेरीकिडलर १,५००।- बराबरको नेपालीरुपैयाँ |
| | द्रष्टव्यः ड्रोनबाट सिनेमा (डकुमेन्ट्री, फिल्म) छायाँकन गर्दा यसको अतिरिक्त थप २५ (पच्चीस) प्रतिशत शुल्क लाग्नेछ । डकुमेन्ट्री बाहेक अन्य प्रयोजनको लागि ड्रोनको प्रयोग गर्दा प्रचलित प्रक्रिया पुरा गरेपछि सिनेमा (डकुमेन्ट्री, फिल्म) छायाँकनको लागि तोकिएको दस्तुर लाग्नेछ । छायाँकन टोलीका साथ विभागले एकजना सम्पर्क अधिकारी खटाउनेछ । | | | |
| (च) | तालीम प्राप्त पञ्जीकृत गाईडले निकुञ्ज भित्र गाईड सेवा उपलब्ध गराए वापत प्रति गाईड प्रति वर्ष गाईड शुल्क | २,०००।- | | |
| (छ) | सवारी साधन दस्तुर (प्रति सवारी प्रति पटक) | | | |
| | १) राजमार्ग बाहेक सुविधा प्राप्त बाटोको लागिः | | | |
| | (क) कार, जीप, ट्रक, बस, ट्र्याक्टर, लरी (५ टन सम्म) को लागि | १००।- | | |
| | (ख) मोटरसाइकल, बयलगाडा र टाँगाको लागि | ५०।- | | |
| | २) व्यवसायिक जंगल ड्राइभ | | | |
| | कार | १,५००।- | | |
| | जीप | ३,०००।- | | |
| | भ्यान | ४,०००।- | | |
| | ३) सुविधा प्राप्त बाटो बाहेक अन्य बाटोको लागि मोटर इन्जिन जडान भएको सवारी साधनको लागि | ५००।- | | |
| | ४) हेलिकप्टर अवतरण Hovering समेत (प्रत्येक पटकको लागि) | ७,०००।- | | |
| (ज) | खर खर्डइ, वनकस दस्तुर (प्रति पुर्जी) | ५०।- | | |

**द्रष्टव्यः**

(क) उल्लिखित दस्तुरमा मूल्य अभिवृद्धिकर समावेश भएको छ ।

(ख) रीतपूर्वक प्रवेशपत्र बाहकलाई मात्र निकुञ्जभित्र प्रवेश गर्न दिइनेछ ।

(ग) घरपालुवा जीवजन्तुलाई राष्ट्रिय निकुञ्जको सुविधा प्राप्त बाटोबाट लैजांदा दस्तुर लाग्ने छैन ।

(घ) खर खडाईलाई पूर्जिको म्याद तीन दिनकोहुनेछ ।

(ङ) गाईड शुल्क बुझाउने गाईडलाई निकुञ्ज प्रवेश दस्तुर लाग्ने छैन ।

(च) व्यवसायिक जंगल ड्राइभमा प्रयोग गरिने सवारी साधनमा देहायमा तोकिएको संख्या भन्दा बढी पर्यटक राख्न पाइने छैन ।

(क) कार-४ जना (ड्राइभर र गाइड बाहेक),

(ख) जिप- १० जना(ड्राइभर र गाइड बाहेक),

(ग) भ्यान- १५ जना (ड्राइभर र गाइड बाहेक)

(छ) प्रवेश वा अनुमतिपत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तुरमा शत प्रतिशत अतिरिक्त दस्तूर लिई प्रवेशको अनुमति दिइनेछ ।

# बर्दिया राष्ट्रिय निकुञ्जमा पाईने संरक्षित वन्यजन्तुहरु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | बैज्ञानिक नाम | साइटिस अनुसूची | आई. यु. सि.एन. |
|---|---|---|---|---|---|
| **१.** | **स्तनधारी वन्यजन्तुहरु** | | | | |
| १. | वाह्रसिंहा | Swamp deer | *Cervus duvaucelli* | I | VU |
| २. | चरीवाघ | Leopard cat | *Prionailurus bengalensis* | II | LR/LC |
| ३. | चौका | Four horned antelope | *Tetracerus quadricornis* | III | VU |
| ४. | एकसिंगे गैंडा | One horned rhinoceros | *Rhinoceros unicornis* | I | VU |
| ५. | हिस्पिड खरायो | Hispid hare | *Caprolagus hispidus* | I | EN |
| ६. | हुँडार | Stripped hyaena | *Hyaena hyaena.* | - | NT |
| ७. | जंगली हात्ती | Asiatic wild elephant | *Elephas maximus* | I | EN |
| ८. | पाटे बाघ | Royal Bengal tiger | *Panthera tigris* | I | EN |
| ९. | सालक | Indian pangolin | *Manis crassicaudata* | II | EN |
| १०. | सालक | Chinese pangolin | *Manis pentadactyla* | II | CR |
| ११ | सोंस | Gangetic dolphin | *Platisnista gangetica* | I | EN |
| **२.** | **सरीसृप तथा उभयचरहरु** | | | | |
| १. | अजिंगर | Asiatic rock python | *Python morulus* | *I* | *VU* |
| २. | घरीयाल गोही | Gharial | *Gavialis gangeticus* | *I* | *CR* |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | सुन गोहोरो | Golden monitor lizard | *Varanus flavescens* | *I* | *LC* |
| **३.** | **पंक्षीहरु** | | | | |
| १. | कालो सारस | Black stork | *Ciconia nigra* | *II* | *LC* |
| २. | खर मुजुर | Bengal florican | *Houbaropsis bengalensis* | *I* | *CR* |
| ३. | राज धनेश | Giant hornbill | *Buceros bicornis* | *I* | *VU* |
| ४. | सानो खर मुजुर | Lesser florican | *Sypheotides indica* | *II* | *EN* |
| ५. | सारस | Sarus crane | *Grus Antigone* | *I* | *VU* |
| ६. | सेतो सारस | White stork | *Ciconia ciconia* | – | *LC* |

(**नोट** : EN : Endangered , V : Vulnerable, CR : Critically Endangered, DD : Data Deficient, LR/NT : Lower Risk/ Near Threatened, LR/LC : Lower Risk/ Least Concern)




थप जानकारीको लागि

# बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय

ठाकुरद्वारा, बर्दिया

फोन नं. : ०८४-४०२०१२

ईमेल : bardiyanationalparkoffice@gmail.com

वेब साइट : https://www.bardianationalpark.gov.np